गाउँ सभाको १५ औं अधिवेशन मिति २०८२।०३।०८ गतेका निर्णयहरु

निर्णय नं १,

गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूबाट प्रस्तुत गरिएको बरेङ गाउँपालिकाको आ.व २०८२।०८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं २,

गाउँपालिका उपाध्यक्ष श्री दिलिप कुमार पुनज्यूबाट प्रस्तुत बरेङ गाउँपालिकाको अर्थ सम्बन्धी विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ आ.व २०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं ३,

गाउँपालिकाको आ.व २०८१।०८२ को हालसम्मको आय व्यय विवरण, गाउँ कार्यपालिकाका निर्णयहरु, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीयस्तरबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं ४,

बरेङ गाउँपालिकालाई प्राप्त हुने श्रोत र साधनको अधिकतम उपयोग, श्रोत र साधनको उपयोगमा नियमितता, पारदर्शिता, मितव्ययितता एवं प्रभावकारिता कायम गरी आर्थिक सुशासन कायम गर्न तपसिल बमोजिम खर्चको मापदण्ड निर्धारण गर्ने:

तपासिल:

१.कर्मचारीको लागि मासिक इन्धन सुविधा

बरेङ गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७९ ले तोके बमोजिम ।

२. पत्र पत्रिका सूचना, विज्ञापन आदि प्रकाशन:

| क.सं | पत्रपत्रिकाको प्रकार | सूचनाको प्रकार | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय\ गाउँपालिका स्तरीय | बधाई, शुभकामना, चेतनामूलक सन्देश, गाउँपालिकाको सूचना | ३०००। प्रति सूचना | गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट जस्ता विवरण पूरा पेज मा प्रकाशन गर्दा अधिकतम रु १००००। |

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

गाउँ सभाको १५ औं अधिवेशन मिति २०८२।०३।०८ गतेका निर्णयहरु

९. **प्रदेश खर्च मापदण्ड लागू हुने:** माथी उल्लिखित बाहेक अन्य खर्चको मापदण्ड गण्डकी प्रदेश सरकारद्वारा निर्धारित खर्चको मापदण्ड बमोजिम गर्नुपर्नेछ प्रदेश खर्च मापदण्डमा उल्लेख नभएका वियषहरुका सम्बन्धमा तत्काल व्यवस्था गर्नुपर्ने भएमा गाउँ कार्यपालिकाले निर्णय गरी निर्धारण गर्ने र ततपश्चात हुने गाउँ सभाबाट अनुमोदन गर्नुपर्नेछ।

निर्णय नं ५,

गाउँपालिकामा करार सेवा अन्तरगत कार्यरत सम्पूर्ण कर्मचारीहरु (स्थायी दरबन्दीमा पदपुर्ती भएका बाहेक) को कार्य सम्पादनका आधारमा आ.व २०८२।०८३ को पौष मसान्त सम्मका लागि म्याद थप गर्ने ।

निर्णय नं ६,

गाउँ कार्यपालिका तथा गाउँसभा अन्तरगतका तपसिल बमोजिमका विषयगत समितिहरुको आ.व २०८१।०८२ को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने:

तपसिल:

क. न्यायिक समिति,
ख. राजश्व परामर्श समिति,
ग. लेखा समिति,
घ. अनुगमन तथा सुपरिवेक्षण समिति ।

निर्णय नं ७,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा भएको व्यवस्था अनुसार देहाय बमोजिमको सुशासन समिति गठन गर्ने सम्बन्धी प्रस्ताव अनुमोदन गर्ने।

देहाय:

क) तुलसी बस्याल सार्की, कार्यपालिका सदस्य – संयोजक
ख) चन्द्रकला खत्री, कार्यपालिका सदस्य – सदस्य
ग) रन बहादुर क्षेत्री पौडेल _ सदस्य

निर्णय नं ८,

आ.व २०८२।०८३ मा गाउँपालिका भित्र सञ्चालन हुने तपसिल बमोजिमका गैर सरकारी संस्थाको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

गाउँ सभाको १५ औं अधिवेशन मिति २०८२।०३।०८ गतेका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| २ | जिल्ला स्तरीय पत्रिका | " | ५०००।प्रति सूचना | गाउँपालिकाको वार्षिक नीति कार्यक्रम तथा बजेट जस्ता विवरण पूरा पेज मा प्रकाशन गर्दा अन्य जुनसुकै पत्रिका अधिकतम रु१५०००। |
| ३ | राष्ट्रिय स्तर पत्रिका | क. टेण्डर\कोटेशन | सम्बन्धित निकायबाट निर्धारित प्रचलित दर | बधाइ, शुभकामना, चेतनामूलक सन्देश आदि अधिकतम रु १००००। |

**पूनश्चः** उल्लिखित प्रकाशित विवरण गाउँ कार्यपालिकाको कार्यालयबाट आधिकारिक पत्र, फोन वा इमेल मार्फत प्रकाशन गर्न अनुरोध गरिएको हुनु पर्दछ वा अध्यक्षसँग पूर्व सहमती वा स्वीकृति लिएको हुनु पर्नेछ र फन्ट साइज जतिसुकै भएपनि माथि उल्लिखित दरमा भूक्तानी गर्नुपर्नेछ।

३. गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालयहरु लगायत सबै मातहातका निकायबाट प्रकाशन गर्नु पर्ने सूचनाहरु वा कार्यक्रमहरुका हकमा एक मुष्ठरुपमा स्थानीय एफ. एम सँग वार्षिक रुपमा सम्झौता गरी प्रसारण गर्न सकिनेछ ।

४. **खाना खाजा लगायत विविध खर्चः** कार्यालयद्वारा आयोजित कार्यक्रम, बैठक, अतिथि सत्कार लगायत कुनै अवसरमा होटलबाट खाना खाजा लगायतको व्यवस्था गर्नु पर्दा प्रदेश खर्च मापदण्ड बमोजिमको दर नबढ्ने गरी कार्यालयले सहभागीहरुको संख्या, प्रति व्यक्ति खाजाको दर लगायतको विवरण खुलाई आदेश वा पत्र पठाउनु पर्नेछ।

५. **तालिम तथा कार्यक्रम प्रस्तावना स्वीकृतीः** गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु, वडा कार्यालयहरु र मातहतका सबै निकायबाट तालिम लगायत विभिन्न कार्यक्रमहरु गर्दा खर्चको मापदण्ड पालना गरी प्रस्तावना तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

६. **अनुगमन खर्चः** गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट कार्यालय समय भन्दा अतिरिक्त समय र सार्वजनिक विदाको दिन विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा प्रतिदिन रु १०००। वा प्रचलित भ्रमण खर्च ऐन तथा नियमावली बमोजिम उपलब्ध गराउने र जनप्रतिनिधीहरुको हकमा गण्डकी प्रदेश सरकारद्वारा निर्धारित सेवा सुविधा सम्बन्धी कार्यविधि बमोजिम हुनेछ ।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

## गाउँ सभाको १५ औं अधिवेशन मिति २०८२।०३।०८ गतेका निर्णयहरु

तपसिल:

क. BRC बागलुङ, (ग्रामीण स्वास्थ्य सुधार परियोजना)

ख. गाजा डेभलपमेन्ट फौन्डेसन (सम्बोधन परियोजना)

निर्णय नं ९

आ.व २०८२।०८३ मा पुँजिगत भैपरी योजना शिर्षकमा विनियोजित रकम र आ.व २०८१।०८२ को अल्या रकमबाट अत्यावश्यक र तत्काल कार्यान्वयन गर्नुपर्ने र सो नगरेमा थप क्षति पुग्ने तथा लागत वृद्धि भई थप व्ययभार हुन सक्ने अवस्थाका आकस्मिक प्रकृतिका कार्यहरु गर्न/गराउनका लागि गाउँपालिका अध्यक्षको एकल निर्णयबाट खर्च गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं १०

लेखा समितिबाट पेश हुन आएको बेरुजु फछ्यौंट सम्बन्धी प्रस्ताव स्वीकृत गरी बेरूजु फछ्यौंटका लागि महालेखा परीक्षकको कार्यालयमा समपरीक्षणका लागि अनुरोध गर्ने।

निर्णय नं ११

चालू आर्थिक वर्षमा बजेट बिनियोजन भई कार्यान्वयन हुन नसकेको राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागिता शिर्षकमा बिनियोजित रु. ६ लाख मध्येबाट बजेट अपुग भएको बाँस्कोट मोटरबाटो स्तरोन्नति योजनामा रु.१ लाख बजेट रकमान्तर गर्ने।

निर्णय नं १२

वडा नं ४ को वडा कार्यालय चालु प्रशासनिक खर्च शिर्षकमा विनियोजित रु. ३ लाख बजेटबाट प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम शिर्षकमा रु.५० हजार रकमान्तर गर्ने।

निर्णय नं १३

आर्थिक अनुसशान र सुशासन प्रवर्द्धनका लागि तर्जुमा गरिएको बरेङ गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०८२ स्वीकृत गर्ने।

निर्णय नं १४

आ.व. २०८२।०८३ को लागि रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायक र रोजगार सहायकको करार सेवा नविकरण गरी रोजगार सेवा केन्द्रलाई निरन्तरता गर्ने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

### गाउँ सभाको १५ औं अधिवेशन मिति २०८२।०३।०८ गतेका निर्णयहरु

निर्णय नं १५

गाउँपालिकाको पूर्वाधार विकास सम्बन्धी कार्यलाई दिगो, वातावरणमैत्री र गुणस्तरयुक्त बनाई समयमै योजनाहरु सम्पन्न गर्न नियमित रुपमा फिल्डमा खटिने प्राविधिक कर्मचारीलाई कार्यसम्पादन प्रतिवेदनको आधारमा सुरु तलब स्केलको ५०% (पचास प्रतिशत) सम्म फिल्ड भत्ता उपलब्ध गराउने।

निर्णय नं १६

बरेङ गाउँपालिकाको गाउँ सभाको १५ औं अधिवेशन यहीं अन्त्य गर्ने ।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष